**भेरी नगरपालिकाको तेह्रौ नगर सभामा**

**नगर उप प्रमुख श्री सिता जैसीले मिति २०८०।३।१ गते प्रस्तुत गर्नु भएको**

# आर्थिक बर्ष २०८०।०८१ को नीति, कार्यक्रम तथा बजेट

सभाध्यक्षज्यू,

नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,

१. हामी निर्वाचित भएपछिको दोश्रो बजेट सभाको गौरवमय क्षणमा उपस्थित भएका छौं । विश्व अर्थतन्त्रमा गत आ.व. भन्दा अझ बढी समस्या देखिएका छन् । विश्वब्यापि आर्थिक मन्दीको असर हाम्रो देशको अर्थतन्त्रमा समेत गम्भिर रुपमा देखिन थालेका छन् । गत आ.व. मा झैं चालु आ.व. मा पनि ऋण परिचालन तथा भुक्तानीका लागि बैंकहरुमा तरलता अभाव छ, अति आवश्यक दैनिक उपभोग्य सामग्रि खाने तेल, नुन, खाध्यान्न लगायत ग्याँस, तथा फ्यूल लगायत विकास लागि आवश्यक निर्माण सामग्रिको बजारभाउ बृध्दिले सर्वसाधारण नागरिकहरुको जनजीवन अझ बढी कष्टकर भईरहेको छ । ब्यापार ब्यवसाय, धमाधम बन्द भईरहेका छन्, उध्धमी ब्यवसायीहरु डुब्ने अवस्था सिर्जना भएको छ । संकटतर्फ अग्रसर अर्थतन्त्र सुधार हुने बिश्वासिलो आधार देखा परेको छैन । संघीय तथा प्रदेश सरकाबाट प्राप्त हुने बजेटमा ब्यापक रुपमा कटौती हुने क्रम निरन्तर छ । संघीय तथा प्रदेश सरकारले प्रस्तुत गरेको बजेटले आम नागरिकहरुमा खासै भरोसा पैदा गरेको देखिदैन । आफ्नो आन्तरिक श्रोत ज्यादै न्यून भएको र नगरवासि आम नागरिकहरुका समस्या समाधानका लागि पूर्ण रुपमा संघीय तथा प्रदेश सरकारको अनुदानमा भर पर्नु पर्ने अवस्थामा भएको बजेट कटौतीले समस्या उत्पन्न भएको छ । यस कठीन परिस्थितिमा आगामी आर्थिक बर्ष २०८०।८१ को बार्षिक नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न भेरी नगरपालिकाको उप प्रमुखकको हैसियतले यस गरिमामय सभामा उपस्थित भएको छु ।

२. मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधिनताको रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्र, संघीय शासन प्रणाली स्थापनाका लागि भएका विभिन्न आन्दोलनमा जीवन उत्सर्ग गर्ने शहिदहरू प्रति हार्दिक श्रध्दान्जली व्यक्त गर्दछु। साथै मुलुकको राजनीतिक, आर्थिक तथा सामाजिक रूपान्तरणको अभियानमा होमिएका घाईते, अपाङ्ग योध्दा तथा सहिद परिवारमा उच्च सम्मान व्यक्त गर्न चाहन्छु।

३. विश्वब्यापि रुपमा उत्पन्न आर्थिक संकट व्यवस्थापन र उपलब्ध सिमित श्रोत साधनबाट नागरिकहरूको न्युनतम आवश्यकता परिपुर्ती गर्दै जीवनयापनमा सहजता पैदा गर्नु तीनै तहका सरकारको प्रमुख जिम्मेवारी हो । यस सन्दर्भमा नगरवासिहरूको दैनिक जीवन यापनमा व्यहोर्नु परेका समस्याहरूको समाधान गर्नु हाम्रो जिम्मेवारी र बाध्यता हो । हामीलाई उपलव्ध न्यून श्रोतबाट सबै समस्याको समाधान असंभव छ । प्राथमिकताका आधारमा अधुरा अपुरा भौतिक पूर्वाधार निर्माणसंगै स्थानीय स्तरमा रोजगारी सिर्जना र स्थानीय उत्पादन बृध्दि जस्ता कार्यक्रमहरूमा आगामि आर्थिक बर्ष २०८०।८१ को बजेट केन्द्रित गर्नुपर्ने अवस्था रहेको छ।

४. प्रस्तुत बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान- २०७२, स्थानीय सरकार संचालन ऐन, २०७४,नेपालको चालु पन्ध्रौ आवधिक योजना, राष्ट्रिय योजना आयोगबाट जारी स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन,२०७८ तथा यस नगरपालिकाले तर्जुमा गरी कार्यान्वयनमा ल्याएका ऐन, नियम तथा कार्यविधिहरू, नेपाल सरकारबाट प्राप्त मार्गदर्शन, कर्णाली प्रदेश सरकार तथा नगरपालिकाको नीति कार्यक्रम तथा लक्ष्य, बस्ति तथा वडा समितिबाट निर्धारित

प्राथमिकता, जिल्लामा कार्यरत विकास साझेदार तथा सरोकारवाला सरकारी-गैर सरकारी निकाय एवं नगरवासिहरूको सल्लाह सुझावको आधारमा यो बजेट तर्जुमा गरेको छु।

**सभाध्यक्षज्यू,**

अव म चालु आ.ब. २०७९।८० को जेष्ठ मसान्तसम्मको प्रगति अवस्थाको बारेमा संक्षिप्त रूपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**५.** नगरपालिकाको प्राथमिकतामा रहेका र विगत आ. व. देखि शुरु गरिएका वालवालिकासंग मेयर, महिलासंग उपमेयर, विपन्न नागरिकका लागि विशेष सहयोग कोष स्थापना, पूर्ण सरसफाई आदि जस्ता कार्यक्रमहरू कार्यान्वयन भई रहेको अवस्था छ । नगरपालिकाको आन्तरिक श्रोतबाट रू १ करोड ६५ लाख आम्दानी प्रक्षेपण गरिएकोमा रू १ करोड ६७ लाख १० हजार राजश्व असुली भएको छ र संघीय सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड बापत प्राप्त हुनु पर्ने रू. ११ करोड ६७ लाख ४९ हजार मध्ये रू. ७ करोड ७६ लाख ३२ हजार र प्रदेश सरकारबाट रु १० लाख ९७ हजार मध्ये ११ लाख ८० हजार प्राप्त भएकोले संघीय तथा प्रदेश सरकारबाट प्राप्त अनुदानमा आधारित राजश्व बाँडफाँडतर्फका बजेट तथा कार्यक्रमहरू कार्यान्वयनमा समस्या देखिएको छ ।

**६.** संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदानतर्फ संघीय सरकार वित्तिय समानीकरण अनुदानतर्फ रु १२ करोड ६० लाख अपेक्षा गरिएकोमा ११ करोड २ लाख ५० हजार, प्रदेश सरकार वित्तिय समानिकरण अनुदानतर्फ प्रक्षेपण गरिएको रु १ करोड २८ लाख ४५ हजार अपेक्षा गरिएकोमा १ करोड २८ लाख ४५ हजार रुपैयाँ निकासा प्राप्त भईसकेको छ । निकासा प्राप्त उक्त बजेटमध्ये संघीय सरकार वित्तिय समानिकरण अनुदान रु ६ करोड ८१ लाख ९३ हजार र प्रदेश सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदानमध्ये ५५ लाख ९० हजार खर्च भईसकेको छ । संघीय सरकारको सशर्त अनुदान चालुतर्फ २९ करोड ९८ लाख ९६ हजार मध्ये २८ करोड ५३ लाख ४१ हजार निकासा प्राप्त भई रु १९ करोड ४६ लाख २८ हजार खर्च भएको छ । त्यसैगरी सशर्त पूँजीगत अनुदानतर्फ रु १२ करोड ३ लाख ९२ हजार मध्ये १२ करोड ३ लाख ९० हजार निकासा भएकोमा रु ५ करोड ९१ लाख ८३ हजार खर्च भईसकेको छ । विशेष अनुदान पुँजीगततर्फ रु २० लाखमध्ये १० लाख निकासा प्राप्त भई ५ लाख खर्च भएको छ । प्रदेश सरकारको शसर्त चालु अनुदानतर्फ ५ लाख ४० हजार मध्ये ३ लाख ६० हजार निकासा प्राप्त भई ३ लाख ६० हजार खर्च भएको छ भने पूँजीगत तर्फ रु १० करोड ९० लाख मध्ये रु ३ करोड ८६ लाख निकासा भई रु. ३ करोड ८६ लाख नै खर्च भईसकेको छ ।

आन्तरिक आयतर्फ गत बर्षको मौज्दात रु २ करोड ७४ लाख ९१ हजार र आन्तरिक श्रोत रु १ करोड ६५ लाख गरी जम्मा रु ४ करोड ३९ लाख ९१ हजार मध्ये रु २ करोड ७३ लाख ७१ खर्च भएको छ ।

यसरी चालु आ. व. को जेठ मसान्तसम्म कुल जम्मा रु ८३ करोड ११ हजारको अख्तियारी प्राप्त भएकोमा रु ४७ करोड अर्थात ५७ प्रतिशत वित्तिय प्रगति देखिएकोले आर्थिक बर्षको अन्त्यसम्म सबै बार्षिक कार्यक्रम सम्पन्न हुने अपेक्षा लिएको छु ।

**सभाध्यक्षज्यू,**

**७.** अव म आर्थिक बर्ष २०८०।०८१ को बजेटका उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु,

क. सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारको दिगो विकास गर्ने ।

ख. शिक्षा तथा स्वास्थ्य क्षेत्रको सेवालाई प्रभावकारी तुल्याउने ।

ग. कृषि क्षेत्रमा रोजगारी सिर्जना गरी उत्पादन बृद्दि गर्ने ।

**सभाध्यक्षज्यू,**

आर्थिक बर्ष २०८०।८१ मा यस नगरपालिकाले जम्मा रू ७८ करोड ९२ लाख ६७ हजार ८ सय ५० रूपैयाँ आम्दानी हुने अनुमान गरिएको छ । जसमध्ये सामाजिक सुरक्षातर्फ १४ करोड ३० लाख, संघीय सरकारबाट वित्तिय समानीकरण अनुदान रू ११ करोड १८ लाख, सशर्त अनुदान चालुतर्फ रू २८ करोड ४६ लाख, पूँजीगततर्फ रु २ करोड २९ लाख, राजश्व बाँडफाँड वापत रू ११ करोड ४३ लाख ९८ हजार, बिशेष अनुदान चालु तर्फ रू १ करोड १५ लाख र संघीय समपुरक अनुदान रु १ करोड ४० लाख गरी जम्मा रु **५५ करोड ९१ लाख ९८** हजार र कर्णाली प्रदेश सरकारबाट वित्तिय समानीकरण अनुदान रू १ करोड २८ लाख ४६ हजार, राजश्व बाँडफाँड वापत रू १० लाख ९७ हजार ८ सय ५०, सशर्त अनुदान पुँजीगत १ करोड ९५ लाख, चालुतर्फ १ करोड ९९ लाख ७६ हजार, बिशेष अनुदान चालु ५५ लाख, समपुरक अनुदान १ करोड र राजश्व बाँडफाँड १० लाख ९७ हजार ८ सय ५० गरि जम्मा रु ६ करोड ८९ लाख १९ हजार ८ सय ५० र नगरपालिकाको राजश्व बाँडफाँड रु ८० लाख ८० लाख र आन्तरिक श्रोतबाट रू १ करोड १ लाख ५० हजार  लाख आम्दानी हुने अनुमान गरिएको छ । उक्त बजेटबाट माथि उल्लेखित उद्देश्यहरू हासिल गर्न आगामि बर्षको लागि निम्न क्षेत्रगत नीति।कार्यक्रम तर्जुमा तथा बजेट विनियोजन गरेको छु।

## आर्थिक विकासक्षेत्रतर्फः

### कृषि बिकासतर्फः

**८.** आकष्मिक रुपमा आई पर्ने रोग किराको महामारी, सुख्खा खडेरी तथा प्राकृतिक विपदबाट कृषकको खेती बालीमा हुने क्षति तथा पशु पंक्षीपालक कृषहरुलाई समेत आकष्मिक रुपमा आई पर्ने रोग तथा महामारीबाट हुने क्षतिबाट राहत उपलब्ध गराउन आगामि आ.व. कृषि तथा पशु बिमा कार्यक्रम संचालनका लागि रु १५ लाख बजेट बिनियोजन गरेको छु । थप आवश्क पर्ने रु १५ लाख संघीय तथा प्रदेश सरकार र अन्य साझेदार निकायसंगको समन्वयमा जुटाई बिमा कार्यक्रमलाई ब्यापकता दिईनेछ ।

**९.** आँप तथा अन्य फलफुल खेतीलाई ब्यवसायिक रुपमा संचालन गर्नका लागि रु ७ लाख तथा कृषि औजार तथा उपकरण सहयोगका लागि रु ४ लाख बजेट बिनियोजन गरेको छु ।

**१०.** नगरपालिकालाई तरकारीमा आत्मनिर्भर बनाउन गत आ.व. देखि शुरु गरिएको ब्यावसायिक तरकारी तथा च्याउ खेतीका प्रबर्ध्दनका लागि रु ४ लाख बजेट प्रस्ताव गरेको छु ।

**११.** नगरपालिकालाई खाध्यान्न बालीको बिउ उत्पादनमा आत्मनिर्भर बनाउन बिगत आ.व. देखि शुरु गरिएको बीउ उत्पादन तथा प्रवर्ध्दन कार्यक्रमलाई निरन्तरता दिईने छ । यसका लागि रु २ लाख बजेट ब्यवस्था गरेको छु ।

**१२.** किसानहरुका गुनासा तथा समस्या सुनुवाईका लागि गत विगत आ.व. देखि निःशुल्क रुपमा संचालन गरिएको किसान कल सेन्टर संचालन र वास्तविक किसानको पहिचान तथा अभिलेख राख्नको लागि किसान सूचीकरण कार्यक्रमलाई आगामि बर्षमा समेत निरन्तरता दिईनेछ ।

**१३.** बाली बिरुवामा लाग्ने रोग ब्याधिको प्रकोप नियन्त्रणका लागि रासायनिक, जैविक तथा वातस्पतिक बिषादी खरिदका लागि समेत बजेट ब्यबस्था गरेको छु ।

**१४.** कृषि पेशालाई आधुनिक तथा प्रविधिमैत्री बनाउन कृषकहलाई तालिम तथा नमुना करेसावारी प्रबर्ध्दनका लागि रु ४ लाख ६० हजार बजेट बिनियोजन गरेको छु ।

**१५.** संघीय सरकार, नगरपालिका तथा अन्य साझेदार निकायको समन्वय तथा साझेदारीमा आलु भण्डारणको लागि शित भण्डार निर्माण गरिनेछ । यसबाट आलु उत्पादक किसानहरुलाई सुविधा पुग्ने अपेक्षा गरेको छु।

१६. एक गाउँ एक उत्पादन नीतिलाई अवलम्बन गर्दै कृषि उत्पादनमा जोड दिईने छ ।

**पशुपन्छी विकासः**

१७. पशुपन्छीहरुको पोषण सुधारका लागि घाँस खेती विकास कार्यक्रम हिउदे भुई घाँस, बहुबर्षिय तथा उन्नत डाले घाँसको बिरुवा खरिद तथा बितरणका लागि रु ३ लाख १५ हजार रुपैयाँ बजेट बिनियोजन गरेको छ ।

१८. पशुपन्छीमा लाग्ने रोगको उपचारका तथा रोकथामका लागि खोप तथा औषधि खरिद गर्न रु १५ लाख बजेट बिनियोजन गर्ने ।

१९. भेरी नगरपालिकाको वडा नं. ४ मा प्रदेश सरकार र संघीय सरकारको सयुंक्त साझेदारीमा कृषि तथा पशु अनुसन्धान केन्द्र स्थापना गर्न आवश्यक बजेट ब्यवस्थाका लागि पहल गरिने छ ।

२०. कृषि क्षेत्रको उत्पादन बृध्दि गर्न थप सिंचाई सुविधा तथा मल बीउ र प्रविधिको उपयोगका लागि संघीय तथा प्रदेश सरकारसंग समन्वय गरिनेछ ।

**पर्यटन प्रबर्ध्दनः**

२१. आन्तरिक पर्यटन प्रबर्ध्दन गरी रोजगारी सिर्जना गर्ने अभिप्रायले शुरु गरिएको मछाईना बडामालिका गुरुयोजना अध्यावधिक गरी वडा नं. १३ को भुमेश्वर गुफा, वडा नं ११ जगतिपुरको ऐतिहासिक दरवार क्षेत्र, वायुघट्ट, वडा नं ३ को दरवार क्षेत्र, वडा नं २ को साँङ्ट गुफा, सिद्ध पाईला मन्दिर, वडा नं १ को शिवालय मन्दिर, नमूना वस्ती मैंदे होमस्टे, रिम्ना दोभान वजार जलयात्रा, चमेरे गुफा र वडालेक तथा पाँचकाटीया हुदै वडा नं ६ को वडामालिका मन्दिर तथा पर्यटन क्षेत्र हुदै वडा नं ९ को भूर पौरी र कोट सम्मका ऐतिहासिक तथा पुरातात्विक साँस्कृतिक सम्पदाहरुको संरक्षण गरी आन्तरिक पर्यटन प्रवर्ध्दन गर्न संघ तथा प्रदेश सरकारको समन्वय र सहकार्यमा एकिकृत गुरुयोजना निर्माण गरी कार्यान्वयन गरिने छ ।

२२. नगरक्षेत्रका वडा नं. २ मा रहेका पर्यटकीय स्थलहरुको प्रचार प्रसार लागि भिडियो डकुमेन्ट्री तयार गर्न बजेट ब्यवस्था गरेको छु ।

**सामाजिक विकास क्षेत्रतर्फः**

**युवा शिक्षा तथा खेलकुद विकासतर्फः**

२३. नगर क्षेत्रभित्रका विध्यालयहरूमा आवश्यकता अनुसार शिक्षक दरबन्दी उपलब्ध नभएको पर्याप्त दरवन्दी नभएका विध्यालयहरूमा स्वयं सेवक शिक्षक व्यवस्थापन गर्नका लागि यस विगत आ.व. देखि शुरू गरिएको **शिक्षक अनुदान** कार्यक्रमलाई निरन्तरता दिन प्रावि ९ जना निमावि १४ जना र मावि ९ गरी जम्मा ३२ जनाका शिक्षकको लागि रु ९९ लाख ८४ हजार बजेट बिनियोजन गरेको छु।

२४. वालविकास केन्द्रका वाल शिक्षक, कार्यालय सहयोगी तथा विध्यालय कर्मचारीहरूको थप पारीश्रमिकका लागि करिव १ करोड १ लाख २७ हजार बजेट बिनियोजन गरेको छु ।

२५. बिध्यालहरुको नियमित अनुगमन, निरीक्षण तथा शिक्षकहरुलाई तालिम सहजीकरणका लागि आगामि आ.व. देखि एक जना स्रोत ब्यक्तिको ब्यबस्थाको रु ५ लाख २० हजार रुपैयाँ बजेट ब्यबस्था गरेको छु ।

२६. खेलकुद क्षेत्रको विकास तथा प्रबर्ध्दनका लागि विगत आ. व. देखि बार्षिक रुपमा संचालन हुँदै आएको नगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड तथा मेयर कप प्रतियोगिता संचालनका लागि समेत बजेट ब्यवस्था गरेको छु ।

२७. नगरपालिका र पहाडी क्षेत्र विकास अभियानको साझेदारीमा सबै मा.वि. हरुमा शैक्षिक प्रणाली सुधारका लागि परिक्षणको रुपमा ट्र्याकिङ डिजिटल प्रणाली शुरु गरिनेछ । यसबाट बिध्यालयमा शिक्षक तथा बिध्यार्थी नियमित भई शैक्षिक गुणस्तर सुधारमा सहयोग पुग्ने अपेक्षा लिएको छु ।

२८.कक्षा कोठामा समावेशि शिक्षण सिकाई प्रविधि बारे शिक्षकहरुलाई तालिम प्रदान गर्नको लागि पाँचतारा युवा संरक्षक मन्चको सहयोग परिचालन गरिनेछ । साथै बालबालिकाको सिकाई प्रभावकारी र दिगो बनाउन पढाई शिविरका लागि सहजकर्ता परिचालन गरिनेछ ।

२९.नगरवासि युवाहरु बिस्तारै लागु औषधको दुर्व्यसनमा फस्दै गईरहेको र यसको समयमै रोकथाम तथा नियन्त्रण गर्न नसकिएमा भयावह रुप लिन सक्ने अवस्थालाई मध्यनजर गरी संघ तथा प्रदेश सरकारसंग बजेट प्रस्ताव गरिएकोमा संघीय सरकारको बिशेष अनुदान रु ६५ लाख र प्रदेश सरकारको बिशेष अनुदान रु ३५ लाख गरी जम्मा रु १ करोड रकमबाट लागु औषधको दुर्व्यसनमा फसेका युवाहरुको उपचार, रोकथाम तथा पुनर्स्थापना तथा र जनजागरण जस्ता कार्यक्रमहरु संचालन गरिनेछ । साथै दुर्व्यसनमा फस्ने संभावना भएका युवाहरुलाई खेलकुदका साथै रोजगार तथा आयमुलक तालिमहरु समेत संचालन गरिने छ । यसका लागि युवाहरु परिचालन गरिने छ ।

**खानेपानी तथा सरसफाईः**

३०.नगरपालिकाका प्रत्यक नागरिकहरुले सन् २०३३ सम्म दिगो किसिमले ब्यवस्थित गरिएका खानेपानी स्रोतहरुबाट दिगो, सुरक्षित खानेपानी, सरसफाई र स्वच्छता सेवाहरु प्रदान गर्नका लागि गोर्खा वेलफेयर ट्रष्टको सहयोग तथा सहजीकरणमा तर्जुमा भएको यस नगरपालिकाको खानेपानी सरसफाई तथा स्वच्छता योजनाको कार्यान्वयन गर्न आवश्यक श्रोत जुटाउन संघीय, प्रदेश सरकार, एकीकृत जलश्रोत ब्यवस्थापन कार्यक्रम, हेल्भीटास नेपाल, गोर्खा वेलफेयर ट्रष्ट लगायतका साझेदार निकायहरुसंग समन्वय तथा सहकार्य गरिने छ ।

३१. नगर क्षेत्रको आधारभूत सरसफाई तथा फोहरको दिगो व्यवस्थापनका लागी हाल संचालनमा रहेको रातामाटा डम्पिङ साईटलाई ब्यवस्थित गरी कुहिने तथा नकुहिने फोहरलाई अलग अलग ब्यवस्थापन गरिनेछ। यस कार्यका लागि स्थानीय नागरिक, टोल विकास संस्थासंगको समन्वय तथा उध्योग व्यापार संघसँगको साझेदारीमा बजार सरसफाई अभियान संचालन गरिने छ। सरसफाई अभियानमा नगरवासिहरूको सक्रिय सहभागिता जुटाउन सरसफाई शुल्क संकलन गर्ने र सोको परिचालनबाट **सरसफाईयुक्त नगर अभियान** संचालन गरिने छ । यसका लागि रु १० लाख बजेट बिनियोजन गरेको छु ।

३२. बजार क्षेत्रमा उत्पन्न ढल निकासको समस्या समाधानका लागि तर्जुमा गरिएको ढल निकासको विस्तृत परियोजना कार्यान्वयन गर्न बजेट तर्जुमा हुन नसकेकोले बजेट तर्जुमाका लागि आगामि आ.व. मा संघीय सरकार तथा प्रदेश सरकार लगायत अन्य साझेदार निकायसंग समन्वय गरिनेछ ।

३३. स्वच्छ पिउने पानी उपलव्ध नभएका स्थानमा खानेपानी मर्मत संभारका का लागि रु २७ लाख ५० हजार रुपैयाँ बजेट ब्यवस्था गरेको छु ।

**स्वास्थ्यसेवाः**

३४. नगरवासि नागरिकहरुको स्वास्थ्य सम्बन्धी हकलाई प्रत्याभुत गर्न संक्रामक रोग रोकथाम, नियन्त्रण तथा स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य केन्द्रबाट सेवा प्रदान गर्न औषधि खरिदका लागि रु २४ लाख ५० हजार बजेट बिनियोजन गरेको छु ।

३५. सुत्केरी हुनुपूर्व चेकजाँचको लागि घरदैलो भेटघाटमा खटिने स्वास्थ्यकर्मी र मातृ शिशु स्वास्थ्य सम्बन्धी सेवा उपलब्ध गराउन घरदैलोमा सेवारत रहेका सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई मासिक रु १२०० का दरले प्रोत्साहन भत्ता उपलब्ध गराउन आवश्यक बजेट ब्यवस्था गरेको छु ।

३६. पुर्ण संस्थागत सुत्केरी वडा घोषणा तथा किशोर किशोरी मैत्री स्वास्थ्य संस्था घोषणा गर्नका लागी आगामि बर्ष पनि बजेट बिनियोजन गरेको छु ।

३७.गर्भवति तथा सुत्केरी महिलाहरुको स्वास्थ्य जाँचको लागि सूचना प्रवाह गर्न मेडिक मोबाईल कार्यक्रम संचालनका लागि बजेट ब्यवस्था गरेको छु । यसबाट गर्भवति तथा सुत्केरी भएका महिलाहरुलाई स्वास्थ्य जाँच गर्ने समयको बारेमा समयमै जानकारी प्राप्त हुनेछ । यसैगरी गर्भवति महिलाहरुलाई घरदैलोमा नियमित रुपमा स्वास्थ्य जाँच गर्न अल्ट्रासाउण्ड कार्यक्रम संचालन गरिने छ ।

३८. यस नगरपालिकाको वडा नं. ७ को स्याउली बजारमा निर्माण शुरु गरिएको नगर अस्पताल निर्माणका लागि संघीय सरकारबाट रु ५० लाखबाट भवन निर्माण प्रक्रिया अगाडी बढाईने छ ।

३९. स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य सेवा केन्द्रबाट दैनिक प्रवाह गरिने सेवालाई विधुतिय स्वास्थ्य सूचना अभिलेख तथा प्रतिवेदन व्यवस्थापन प्रणाली EHIRRS शुरु आवश्यक बजेट बिनियोन गरेको छु । यसबाट दैनिक प्रवाह गरिने सेवाको सिघ्र सूचना सम्प्रेषण भई सेवा ब्यवस्थापनमा सुधार आउने अपेक्षा गरेको छु ।

## बहुक्षेत्रीय पोषण कार्यक्रम:

४०. यस नगरपालिकाले महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अबस्थामा सुधार ल्याउन नेपाल सरकारको प्राथमिकता प्राप्त बहुक्षेत्रीय पोषण योजनालाई प्राथमिकताका साथ कार्यान्वयन गरी रहेकोमा आगामी आ.ब. बाट सबै बिषयगत तथा क्षेत्रगत क्रियाकलापहरु तय गरी पोषण तथा खाद्य सुधारको लागि तोकिएका क्रियाकलापहरु सन्चालन गरिने छ ।

४१. बहुक्षेत्रीय पोषण योजना अन्तरगत पोषण मैत्री स्थानीय शासन (Nutrition Friendly Local Governance-NFLG) अबलम्बन गर्न र आगामी ४ बर्ष भित्र यस पालिकालाई पोषण मैत्री स्थानीय तह घोषणाका लागि बिशेष अभियान सन्चालन गरि वडा घोषणा अभियानलाई बिशेष प्राथमिकतामा राखि कार्य गरिनेछ ।

४२.बहु क्षेत्रीय पोषण योजनाले निदृष्ट गरेका उपलब्धी तथा प्रतिफल प्राप्तीको लागि संघीय र प्रदेश सरकारका साथै बिषयगत शाखा र साझेदार निकायहरुसंग मिलेर पोषण लक्षित र सम्बेदनशिल क्रियाकलापहरु सन्चालन गरिनेछ र महिला बालबालिका लक्षित कार्यक्रम जस्तैः खाता छोरीको लगानी जीवनभरीको, बालपोषण अनुदान, सुत्केरी पोषण कार्यक्रम, मर्यादित महिनावारी, सानै छु बढ्न देउ बाल बिबाह होइन पढ्न देउ अभियान, खोप कार्यक्रम, बाल मैत्री स्थानीय शासन आदिमा समेत बहुक्षेत्रीय पोषण योजनालाई समाबेश गर्दै लगिने छ ।

४३. यस स्थानीय तहको पोषण तथा खाद्य सुरक्षा सम्बन्धी सुचना, तथ्यांकहरुको व्यबस्थापनको कमी भएको कुरालाई महशुस गर्दै स्थानीय तहमा पोषणको क्षेत्रमा कार्यरत संघसंस्थाहरुको सहकार्यमा पालिका स्तरीय पोषण पार्श्र्व चित्र तथा स्थिति पत्र (Nutrition Profile and Nutrition Status paper ) यसै बर्ष भित्र तयार गरिने छ।

४४. बहुक्षेत्रीय पोषण योजनाले तोके अनुसार पालिका र वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको संस्थागत र क्षमता बिकासमा जोड दिईनेछ । यसका लागि आवश्यक बजेट संघ, प्रदेश सरकारबाट प्राप्त रु ३० लाख र थप आवश्यक रकम अन्य निकायसंगको समन्वयबाट जुटाईनेछ ।

## बालिका तथा जेष्ठ नागरिकः

४५. गत विगत आ. व. देखि देखि शुरू गरिएको बालमैत्री नगर घोषणा अभियान विविध कारणवस सम्पन्न हुन नसकेकोले यस अभियानलाई निरन्तरता दिन संघीय सरकारको समपुरक अनुदानबाट प्राप्त हुने रकम रु ५० लाखबाट अभियानलाई सहयोग पुग्ने खालका नगरस्तरीय अतिरिक्त क्रियाकलाप, युवा परिचालन तथा खेलकुद लगायत वालमैत्री शासनका सूचकहरू पुरा गर्न **वालवालिकासंग मेयर कार्यक्रम संचालन** गरिने छ । साथै अभियान संचालनका लागि नगरपालिकामा कार्यरत गैर सरकारी संस्थाहरुको स्रोत तथा जनशक्ति समेत परिचालन गरिने छ ।

४६. हिंशामा परेका, असहाय तथा विपन्न महिलाहरूको लागि लैङ्गिक हिंसा निवारण कोष स्थापना तथा आय आर्जनका कार्यक्रम संचालनका लागि **महिलासंग उपमेयर कार्यक्रमका** लागि रू २ लाख बिनियोजन गरेको छु । उक्त बजेटबाट घरेलु हिंसामा परेका महिलाहरुका लागि कोष स्थापना, एकल महिला द्वन्द पीडित, असहाय महिलाहरुको लागि सिपमुलक तथा आय'आर्जन सम्वन्धी क्रियाकलाप संचालन तथा जनचेतना मुलक कार्यक्रम संचालन गरिने छ ।

४७. आपतमा परेका असहाय बालबालिकाहरुको राहत तथा उध्दारका लागि बाल कोष स्थापना गर्न रु १ लाख बजेट बिनियोजन गरेको छु। बालमैत्री नगर घोषणाका लागि विभिन्न वडाहरु मार्फत क्रियाकलापहरु संचालन गर्न रु ९ लाख ५० हजार बजेट ब्यवस्था गरेको छु ।

४८. महिला जनप्रतिनिधिहरुको सशक्तिकरण तथा नेतृत्व विकासका लागि रु १ लाख ५० हजार बिनियोजन गरेको छु ।

४९. सुरक्षित सुत्केरी सेवाका लागि गर्भवति महिलाहरुलाई स्वास्थ्य केन्द्रसम्म पुर्याउन निःशुल्क र जेष्ठ नागरिकहरुलाई ५० प्रतिशत छुट एम्बुलेन्स सेवालाई आगामि बर्षमा समेत निरन्तरता दिईनेछ ।

## वन वातावरण तथा विपद् ब्यवस्थापनतर्फः

५०. आकस्मिक रुपमा आईपर्ने विपद् व्यवस्थापन कार्य योजना निमार्ण तथा व्यवस्थापनका लागि नगर विपद् कोषमा रु १४ लाख बिनियोजन गरेको छु ।

५१. आकस्मिक रूपमा आईपर्ने बाढी, पहिरो, सडक दुर्घटना, आगोलागि जस्ता प्राकृतिक विपद् तथा विभिन्न रोगका महामारीको अवस्थामा विरामीहरूको तत्काल उध्दार कार्य गर्न र विपद्मा परेका पिडितहरूलाई तत्काल राहत वितरण तथा उध्दार गर्न र स्थानान्तरणका लागि विपद् जोखिम न्युनिकरण तथा ब्यवस्थापन सम्बन्धी जानकारी दिनका लागि सबै वडाहरुमा अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ।

५२. वडा नं. ३ को अस्पताल क्षेत्र देखि तल रहेको सडकलाई क्षति हुने गरी खसेको पहिरो र रेडक्रस भवन नजिक खसेको पहिरो नियन्त्रणका लागि संघ तथा प्रदेश सरकारसंग समन्वय गरीनेछ ।

५३. जलवायु परिवर्तन र यसका असरहरु न्यूनीकरण गर्न स्थानीय अनुकुलन कार्ययोजना तर्जुमा गरी संघ, प्रदेश तथा अन्य साझेदार निकायहरुसंगको समन्वयमा कार्यान्वयन गरिने छ ।

## सुशासन तथा संस्थागत विकासतर्फः

५४. उपलब्ध स्रोत साधनको उच्चतम उपयोग तथा दिगोपनाको लागि आवधिक नगरविकास योजना आगामी आ.व. मा तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

५५. नगरपालिका, प्रदेश सरकार तथा संघीय सरकारबाट प्रवाह हुने सेवालाई पारदर्शी, जिम्मेवार र जवाफदेही बनाउन गुनासो सुनुवाई, सार्जनिक सुनुवाई, सार्वजनिक लेखा परीक्षण, नागरिक सन्तुष्टी सर्वेक्षण तथा नगरपालिकाको गतिविधिहरुको नियमित प्रकाशन तथा प्रसारणको प्रभावकारी ब्यवस्था मिलाईने छ ।

५६. नगरपालिकाको संगठन तथा ब्यवस्थापन सर्वेक्षणको प्रतिवेदन बमोजिम संगठन संरचना तथा दरबन्दी मिलान गरी नगरपालिकाको सेवा प्रवाहलाई अझ बढी प्रभावकारी बनाईनेछ ।

५७. नगरपालिकाको राजश्व संकलन प्रणालीलाई चुस्त दुरुस्त बनाउन आगामि श्रावण १ गते देखि राजश्व सफ्टवेयर प्रणाली Sutra Revenue Model संचालन गरिनेछ भने कर सम्बन्धी जनचेतना जागरणका लागि प्रचार प्रसार अभियान संचालन गरिनेछ ।

५८. न्यायिक समितिबाट सम्पादन हुने कार्यलाई ब्यवस्थित र प्रभावकारी रुपमा कार्यान्वयन गर्न मेलमिलाप केन्द्रको व्यवस्थापन तथा मेलमिलापकर्ताहरुलाई प्रोत्साहनका लागि आगामी आ.व. मा पनि आवश्यक बजेट ब्यवस्था गरेको छु ।

५९. सबै वडाहरुमा मेलमिलापलाई थप प्रभावकारी बनाउन मेलमिलाप सम्बन्धी आधारभुत तालिम संचालनका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

६०. आर्थिक रुपमा अति विपन्न नागरिकहरुलाई निःशुल्क कानून सेवा उपलब्ध गराउन कानूनी सहायता कार्यक्रमका लागि समेत बजेट बिनियोजन गरेको छु ।

६१. कार्यालयको सेवा प्रवाहलाई चुस्त र प्रभावकारी तुल्याउन कार्यरत कर्मचारीहरु तथा संस्थागत क्षमता बृध्दि गर्न आवश्यक उपकरण व्यवस्थापन तथा तालिमका लागि प्रदेश सुशासन केन्द्रसंगको समन्वयमा क्षमता विकास योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याईने छ ।

६२. केही वडा कार्यालयका आफ्नै भवन नभएका र भवन भएका वडा कार्यालयहरू पनि व्यवस्थित नभई सेवा प्रवाहमा समस्या देखिएकोले सेवा प्रवाहलाई प्रभावकारी बनाउन भवन निर्माण गर्न अति आवश्यक वडा नं. ६, ९, १० र १३ मा वडा कार्यालय भवन निर्माण गर्न रू २ करोड बिनियोजन गरेको छु ।

६३. नगरपालिकाको नीति कानुन मापदण्ड तथा निर्णय कार्यान्वयन, नगरपालिकाको सम्पत्ती संरक्षण, सरसफाई मापदण्डको कार्यान्वयन, न्यायिक समितिका निर्णय कार्यान्वयन, सार्वजनिक ऐलानी/पर्ती जग्गा, सार्वजनिक सम्पदा तथा भौतिक पुर्वाधारको संरक्षण र सुरक्षा, विपद व्यवस्थापन सम्बन्धी खोजी उध्दार र राहत तथा पुनरुत्थान कार्यका लागि नगर प्रहरी भर्ना तथा ब्यवस्थापनका लागि समेत बजेट बिनियोजन गरेको छु ।

## पूर्वाधार क्षेत्रः

### सडक यातायात

६४. नगर समृध्दिका लागि महत्वपूर्ण तथा बिगत आ.व. देखि  निर्माणाधिन अवस्थामा रहेको र रानागाउँ पाखेदह नेटीबजार क्रमागत सडक निर्माणका लागि संघीय सरकारको समपुरक अनुदान रु ९० लाख र नगरपालिकाको समपुरक रकमबाट सडक निर्माण प्रक्रिया अगाडी बढाईनेछ ।

६५. नगरपालिकाले निर्माण गरेका प्राय सबै सडकहरु कच्ची भएको र मर्मत संभार गर्नु पर्ने भएकोले सडक मर्मतका लागि रु २५ लाख बिनियोजन गरेकोछु भने यातायातको दृष्टिकोणले महत्वपूर्ण रहेका निर्माणाधिन सडकहरूलाई

प्राथमिकता दिई सम्पन्न गरिनेछ। साथै थप सडक निर्माण गर्न रु ५७ लाख ५० हजार बजेट बिनियोजन गरेको छु ।

६६. नगरपालिकाको केन्द्रस्थित वडा नं ३ थाप्लेचौर बसपार्कको स्तरोन्नति तथा व्यवस्थापनका लागि आवश्यक बजेट नजुटेकोले संघ, प्रदेश सरकार तथा अन्य नियकायहरुसंगको बजेट तर्जुमा गरी गरी निर्माण सम्पन्न गरिनेछ ।

६७. नगर क्षेत्रभित्र यातायात असहजतालाई ध्यानमा नगरक्षेत्रभित्र नागरिकहरुको सहज आवागमनका लागि नगर वस सेवा संचालनका लागि दुई वटा वस यसै चालु आ.व. देखि संचालनमा ल्याईनेछ ।

६८. जुनसुकै स्रोतबाट बजेट प्राप्त भई कार्यान्वयन हुने कच्ची सडक निर्माण सम्बन्धी योजनामा कुल लागतको १५ प्रतिशत र अन्य सम्पूर्ण योजनाहरुमा कुल लागतको १० प्रतिशत बरावरको अनिवार्य श्रमदान जुट्ने खालका योजनाहरु मात्र संचालन गरिनेछ । साथै निर्माण हुने योजनाहरुमा गुणस्तर चेक जाँच सम्बन्धी आधुनिक प्रविधिको उपयोग गरिनेछ र सूचकमा आधारित अनुगमन तथा मुल्याङ्कन प्रणाली अवलम्बन गरिने छ ।

६९. नगर क्षेत्रभित्र निर्माण हुने बाटो तथा सडक क्षेत्रको मापदण्ड बमोजिम जग्गाको लागत कट्टी गरेर मात्रै सडक निर्माण प्रक्रिया थालनी गरिनेछ । साथै साथै निर्माण भईसकेका सडक क्षेत्रका जग्गाको लगत कट्टा गर्ने कार्यका लागि आवश्यक रकम कन्टिन्जेन्सि रकमबाट ब्यवस्थापन गरिनेछ ।

**सिंचाईः**

७०. साना सिंचाई तथा ट्याङ्की निर्माणका लागि आवश्यक बजेट बिनियोजन गरेको छु भने उत्पादनका दृष्टिकोणले महत्वपूर्ण रहेको वडा नं. को रिम्ना फाँट, वडा नं. १३ को कुदुफाँट र वडा नं. १० को भुरचौरमा केन्द्रिय सिंचाई योजना निर्माणका लागि नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारसंग समन्वय तथा सहकार्य गरी प्रक्रिया थालनी गरिनेछ ।

७१. वडाबाट प्रस्तावित भई आएका तर बजेट अभावका कारण सम्बोधन हुन नसकेका योजना तथा कार्यक्रमहरुको सूची तयार गरी योजना बैंकको रुपमा राखिनेछ र संघ, प्रदेश सरकार तथा अन्य साझेदार निकायसंग समन्वय गरी क्रमश कार्यान्वयन गरिने छ ।

७२. अति विपन्न नागरिकहरूका लागि आम्दानीको अवसर सिर्जना गर्न प्रधानमंत्री रोजगार कार्यक्रमका लागि प्राप्त हुने ९० लाख बेरोजगार श्रमिकहरुलाई १०० दिनको प्रत्यक्ष रोजगारी उपलब्ध हुनेछ ।

**नदी नियन्त्रणतर्फः**

**७३.** नदी कटानका कारण उच्च जोखिममा रहेका रिम्न देखि वडा नं. १० को खिटखोला, वडा नं. १० को फेरा देखि वडा नं. ७ को घाग्रेखोला तथा दोकानसम्म तटबन्धन तथा पहिरो नियन्त्रणका लागि संघ तथा प्रदेश सरकारसंग समन्वय गरिनेछ ।

**झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमतर्फः**

७४. झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमतर्फ संघीय सरकारको अनुदान रु ३८ लाख रकमबाट ५ वटा पुल निर्माण प्रक्रिया शुरु गरिने छ ।

**सहरी पूर्वाधारतर्फः**

७५.  सहरी शासकीय क्षमता विकास कार्यक्रम अन्तर्गत प्राप्त हुने रू २६ लाख बजेटबाट संभाव्यता अध्ययनका आधारमा योजना छनौट गरी कार्यान्वयन गरिने छ ।

७६.  भुमि सम्बन्धी समस्या आयोगसंगको सम्पन्न सम्झौता अनुसार भुमिहिन दलित, भुमिहिन सुकुम्वासि र अव्यवस्थित बसोबासिहरुको जग्गा नाप जाँच तथा कित्ता काट गरी. देखि लालपुर्जा वितरण आगामी आ.व. मा शुरु गरिनेछ ।

७७.फुसको छाना भएका नागरिकहरुको सुरक्षित आवास ब्यवस्थापन गर्न प्रदेस र संघीय सरकारसंग समन्वय गरी कार्यान्वयन गर्न सुरक्षित आवास कार्यक्रमलाई आगामी बर्षमा समेत निरन्तरता दिईनेछ ।

७८.  अन्तमा, आ.व. २०८०।८१ को बजेट तर्जुमाका लागि मार्गदर्शन तथा स्रोत उपलब्ध गराउने नेपाल सरकार, कर्णाली प्रदेश सरकार, जिल्ला समन्वय समिति, सल्लाह सुझाव प्रदान गर्ने राजनीतिक दल, नागरिक समाज, बिकास साझेदार संस्थाका प्रमुख तथा प्रतिनिधि, कार्यपालिका परिवार, सबै नगर सभाका सदस्यहरु, आम संचाल जगत, नागरिक समाज र सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरू प्रति आभार प्रकट गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु ।

७९.  प्रस्तावित बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सम्बन्धित सरोकारवाला सबैको सकारात्मक सहयोग सक्रियता र साथ रहनेछ भन्ने कुरामा म बिश्वस्त छु । कार्यक्रमको सफल कार्यान्वयनबाट अपेक्षित उपलब्धि हासिल हुन गई नगरवासिका समस्या न्यूनिकरणमा मध्दत पुग्नेछ भन्ने अपेक्षा लिएको छु । साथै आ.व. २०८०।८१ को देहाय बमोजिम अर्थ बिधेयक, २०८० र विनियोजन बिधेयक, २०८० यस प्रकार प्रस्ताव गरेको छु ।